# सिमकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल


गाउँ सिमकोट गाउँपालिका कार्यपालिकाको कार्यालय सिमकोट, हुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

प.स. :-२०८१।०८२
च.न ३१८

मितिः२०८१।०५।०७

**विषय विज्ञसूची (Roster) तयारीका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।**
**(सूचना प्रकाशन मितिः २०८१।०५।०७)**

सिमकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा,युवा तथा खेलकुद शाखाको कार्यक्षेत्रसँग सम्बन्धित नीतिगत/कार्यविधिगत ,विषयगत कार्यहरु र करार शिक्षक पतपूर्ति गर्ने, मूल्याङकन,आधारभूत तहको गाउँपालिकास्तरीय परीक्षा र शिक्षासँग सम्बन्धित क्षमताका तालिम लगायतका कार्यलाई गुणस्तरी,प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उद्देश्यले तपसिल बमोजिमका लागि विषय विज्ञसूची तयार गर्नुपर्ने भएकोले तोकिए बमोजिम योग्यता पुगेका शिक्षकहरुले निम्नानुसारको विवरण सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा आइपुग्ने गरी तोकिको ढाँचामा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**१.विषय विज्ञताका क्षेत्रहरुः**

- प्रारम्भिक बालशिक्षा देखि आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) सम्मका अनिवार्य तथा ऐच्छिक विषयहरु।
- माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरु।
- विद्यालय शिक्षा र अनैपचारिक तथा निरन्तर शिक्षा।

**२. सर्तहरुः**

- विषयविज्ञहरुको सूची दर्ता सम्बन्धी निवेदन यस कार्यालयको वेवसाइटमा उपलब्ध गराइएको ढाँचा बमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लेखित कुराको पुस्ट्याई हुने कागजातहरु संलग्न हुनुपर्ने छ।
- बुदा नं.१ का विषयहरुका सन्दर्भमा विषयविज्ञ सूचीमा नाम दर्ता गर्न आधारभूत तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का हकमा स्नातककोत्तर तह उत्तीर्ण गरी सो विषयको शिक्षक हुनुपर्ने छ।
- विषयविज्ञको सूचीकरण तथा परिचालन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखामा निहित रहने छ। शाखाले आवश्यकतानुसार विषयविज्ञ सूची अद्यावधिक गर्ने छ।

**३.निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

- बुदा नं.२ मा उल्लेख भए बमोजिमका शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
- पान नं. कार्डको प्रमाणित प्रतिलिपि।
- कार्यानुभवको कागजातको प्रमाणित प्रतिलिपि।
- विस्तुत वैयक्तिक विवरण (बायोडाटा)

४. इमेल मार्फत विषयविज्ञ सूचीमा दर्ता गर्न चाहने विज्ञले निवेदन सहित सम्पूर्ण आवश्यक कागजातको scan copy इमेल ठेगानाः educationsimkot@gmail.com/ ito.simkotmun@gmail.com मा पठाउन सकिन्छ ।

(उमेश रोकाया)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत